# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३१ ) काठमाडौं, जेठ १२ गते २०३८ साल ( संख्या ७

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

सार्वजनिक उद्यान तथा सभा गृह विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३८

सार्वजनिक उद्यान तथा सभा गृह विकास समिति ( गठन ) आदेश, २०३३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस आदेशको नाम "सार्वजनिक उद्यान तथा सभा गृह विकास समिति (गठन) (पहिलो संशोधन) आदेश, २०३८" रहेको छ ।
 (२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. सार्वजनिक उद्यान तथा सभा गृह विकास समिति (गठन) आदेश, २०३३ को दफा २ मा संशोधनः सार्वजनिक उद्यान तथा सभा गृह विकास समिति (गठन) आदेश, २०३३, (यसपछि "मूल आदेश" भनिएको) को दफा २ मा रहेको "भृकुटी मण्डप" भन्ने शब्दहरू झिकिएका छन् ।

३. मूल आदेशको दफा ४ मा संशोधनः मूल आदेशको दफा ४ को खण्ड (ङ) झिकिएको छ ।

आज्ञाले–
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।